११ .नगरपालिका अनुदान (चालु)

नगरपालिका अनुदान चालु खर्च तर्फ नेपाल सरकारबाट रकम रु ४६,००,०००। प्राप्त भई निकासा भएकोमा सो बराबरको सम्पुर्ण रकम खर्च भएको देखिन्छ ।

१२. नगरपालिका अनुदान (पुजीगत)

१२.१ प्रतिवेदनमा संलग्न आय व्यय विवरणमा नगरपालिका अनुदान निशर्त पुजिगत तर्फ रकम रु २४०२७०००। खर्च देखाएकोमा बैक नगदी किताब अनुसार रकम रु २,७४,२७,०००। खर्च देखिन्छ । त्यस्तै किसिमले नगरपालिका अनुदान सशर्त पुजिगत तर्फ रकम रु १,८१,००,०००। खर्च देखाएकोमा बैक नगदी किताब अनुसार रकम रु १,४७,००,०००। खर्च देखिन्छ । नगरपालिका अनुदान सशर्त तर्फको रु ३४,००,०००। निशर्त तर्फबाट खर्च राखिन गएकोले दुबै तर्फ रकम रु ३४,००,०००। बराबरले रकम फरक पर्न गएको देखिन्छ ।

१२.२ नगरपालिका अनुदान पुजिगत सशर्त अन्तर्गतको भबन निमाणको रकम रु ४७,००,०००। र सौर्य सोलार बत्ति जडानको रकम रु ३४,००,०००। समेत गरी जम्मा रकम रु ८१,००,०००। खर्च देखाइएको भएतापनी सो रकम भुक्तानी भई नसकेकोले मर्मत संभार कोष खातामा रहेको देखिन्छ ।

१३. राजश्व बाडफाड

मिति २०७३।०३।३१ को गो.भौ.नं.४३ बाट मालपोत कार्यालय अर्घाखाचीको नाममा रंगरोगन गर्न भनी रकम रु २,००,०००। पेश्की गएको देखिएकोले पेश्कि फछर्यौट गर्ने तर्फ कार्यालयले विशेष पहल गर्नूपर्ने देखिन्छ ।

१४. सडक बोर्ड तर्फको

सडक बोर्ड तर्फ बार्षिक बजेट रु ४५,००,०००। भएको भएता पनी रु ३,६०,०००। मात्र निकासा भएकोले सोहि बराबरको रकम मात्र खर्च भएको देखिन्छ ।

१५. स्थानिय स्वायत शासन तथा सामुदायीक बिकास कार्यकम (चालु)

स्थानिय स्वायत्त शासन तथा सामुदायीक विकास कार्यक्रम चालु तर्फ रु ३०,८९,०००। निकासा भएकोमा रु २९,२१,०००। खर्च भई बाकी रहेको रकम रु १,६८,०००। निकासा फिर्ता भएको देखिन्छ ।

J.G. & COMPANY
KATHMANDU
REGISTERED AUDITORS